सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८२/०८३
च.नं.: २४८९८

मिति : २०८३/०३/१५
ने.सं.११४६ तछलागा ३ शुक्रवार

विषय : राजश्व दाखिलामा सहयोग गरिदिने सम्बन्धमा ।

श्री सिचाइ तथा जलस्रोत ब्यवस्थापन आयोजना
भरतपुर चितवन ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको अनुरोधमा Shivam/Construct J/V सँग २०८३/०१/८मा सम्झौता भई २००० घनमिटर नदीजन्य पदार्थको राजश्व दाखिला भएको व्यहोरा यस कार्यालयको चलानी नंम्वर १९०६ र मिति २०८३/०१/३० गतेको प्रत्र मार्फत अवगत गराइ सकिएको छ । यस सुस्ता गाउँपालिका तथा त्यस कार्यालय समेतले Shivam/Construct J/V लाई नारायणी नदीको ढुङ्गा प्रयोग गरे वापतको राजश्व यस गाउँपालिकामा दाखिलाका लागि पटक-पटक फोन तथा पत्राचार गरेपनि हालसम्म सम्पर्कमा नआएको अवस्था रहेको छ।

तहाँ कार्यालयबाट नारायणी नदी ब्यवस्थापन आयोजना अन्तरगत सुस्ता गाउँपालिका वडा नं. -५ नारायणी नदीको बायाँ किनारामा संचालन भइरहेको नदी नियन्त्रण तथा ब्यवस्थापनको तहाँ कार्यालयबाट अनुगमन तथा निरिक्षण पश्चात तयार गरेको कामको मूल्याङ्कन (Measurement)अनुसार Shivam/Construct J/V लाई भुक्तानी दिनुपर्ने रकम मध्ये ७०६२९ घनफिटको हुन आउने रकम रु.७०६२९४।- उक्त कम्पनिले प्रथम किस्ता वापत बुझाई सकेकोले ७०६२९ घनफिट भन्दा बढी प्रयोग भएको नदीजन्य पदार्थको प्रति क्यू फिट १० रुपैयाका दरले हुन आउने राजश्व रकम यस गाउँपालिकाको ग६.१-स्थानीय तह विभाज्य कोषको एन एम बी वैङ्कमा रहेको खाता नं.१०५००८५४८९८०००७१ मा दाखिला गरी/गराई बाँकी रहेको रकम सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी गर्नुहुन सादर अनुरोध छ।

.....
हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

१. जिल्ला समन्वय समितिको कार्यालय नवलपरासी (ब.सु.प.): आवश्यक सहयोग तथा सहजिकरण गरिदिनुहुन अनुरोध छ।
२. जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.): जानकारीका लागि अनुरोध छ ।
३. Shivam/Construct J/V भरतपुर ११ चितवन : यथासिघ्र बाँकी रहेको राजश्व रकम यस कार्यालयमा जम्मा गर्नुहुन निर्देशन गरिएको छ ।